कुनै पनि ऊँटको घाँटीमा तार वा अन्य कुनै ताविज छ भने त्यो काटियोस् ।

अबू बशीर अन्सारी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, उनी अल्लाहका रसूल
(सल्लल्लाहु अलैहि वसल्लम) सँग कुनै यात्रामा सँगै थिए । उहाँ भन्नुहुन्छ कि जब मानिसहरू आफ्नो वासस्थान हरूमा अवस्थित थिए, उहाँ पैगम्बर (सल्लल्लाहु अलैहि
वसल्लम) ले एउटा सन्देशवाहकलाई यो घोषणा गर्न पठाउनुभयो: '' कुनै पनि ऊँटको घाँटीमा
तार वा अन्य कुनै ताविज छ भने त्यो काटियोस् । [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) एक यात्रामा हुनुहुन्थ्यो र मानिसहरू आफ्नो पाल भित्र सुत्ने ठाउँहरूमा उपस्थित थिए । यसैबीच, उहाँले एक व्यक्तिलाई तिनीहरूको ऊँटको घाँटीमा बाँधिएका चीजहरू काट्न आदेश दिएर पठाउनुभयो, चाहे ती वस्तुहरू धनुषको तारको आकारमा होस् वा घण्टी वा जुत्ता आदि होस् । किनभने तिनीहरूले जनावरहरूलाई नराम्रो नजरबाट बचाउनको लागि बाँध्ने गर्थे, त्यसैले तिनीहरूलाई काट्न आदेश दिइएको थियो । किनभने यी चीजहरूले ऊँटहरूलाई कुनै पनि कुराबाट जोगाउन सक्दैनन् । लाभ र हानि अल्लाहको हातमा मात्र छ र यसमा कोही साझेदार छैन ।

http://www.sunnah.global/hadeeth/ne/show/6761